# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/१०/०८१/८२

मितिः २०८१/१२/०४

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

**(गुरु प्रसाद पौडेल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. ६/०८१ को बुँदा नं. १७ मा संशोधन गरिएको । | १७. बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्टयाई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नु पर्नेछ । सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्ष खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>(क) संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट निम्न क्षेत्रहरुमा हुने खर्च व्यहोर्न सकिनेछ :<br>(१) सामाजिक परियोजनाहरुमा हुने खर्च : शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, (फोहोर मैला संकलन गर्ने फोहरदानी (Dustbin/Container) आदि), सांस्कृतिक प्रवर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम, यात्रु प्रतिक्षालय निर्माण, सडक बत्ती, सार्वजनिक शौचालय निर्माण जस्ता सामाजिक कार्य आदिमा गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च । परियोजना छनौट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टिकृत संस्थाहरुबाट सार्वजनिक सूचना मार्फत् प्रस्ताव माग गरी छनौट गर्नु पर्नेछ ।<br>(२) वित्तीय साक्षरता : बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरता सम्बन्धी विविध कार्यक्रम तथा लक्षित तालिमहरु सञ्चालन गरी महिला तथा सामाजिक रुपले पिछडिएका वर्गलाई वित्तीय सेवा | **१७. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था**<br>(क) बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्टयाई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नु पर्नेछ ।<br>**(ख) बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा यस बैंकबाट जारी “बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मार्गदर्शन, २०८१” बमोजिम गर्नुपर्नेछ ।**<br>***नोटः यस मार्गदर्शन जारी भएको मिति पछि स्वीकृत हुने संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमका लागि यस मार्गदर्शन अन्तर्गतका व्यवस्थाहरु लागु हुनेछन् ।*** |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धमा साक्षर बनाई वित्तीय सेवाप्रतिको पहुँच अभिवृद्धिका लागि सामाजिक उत्तरदायित्व कोषको ५ प्रतिशत रकम खर्च गर्नु पर्नेछ ।<br><br>(३) प्रत्यक्ष अनुदान खर्च : राष्ट्रिय महत्वका आविष्कार केन्द्र, मानव सेवा जस्ता परोपकारी कार्य गर्ने एवं अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा क्रियाशील संस्थालाई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको रकम । सम्बन्धित संस्थाले प्राप्त गरेको उक्त रकम जीवन रक्षा, सार्वजनिक हित वा परोपकारी कार्यमा खर्च भएको प्रमाणित विवरण बैंक तथा वित्तीय संस्थाले प्राप्त गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।<br><br>(४) दिगो विकास लक्ष्य : नेपालको दिगो विकास लक्ष्य, २०१६-२०३० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्रहरुमा तोकिएका लक्ष्यहरुको प्राप्तिमा सहयोग हुने गरी गरिने अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरु ।<br><br>(५) बैंक तथा वित्तीय संस्थाले अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, जीवन रक्षक भ्याक्सिन, औषधि आदिको सहज आपूर्तिको लागि प्रत्यक्ष रुपमा गरेको खर्च एवं संस्थामा कार्यरत कर्मचारीको लागि विश्वव्यापी महामारीबाट सुरक्षित राख्न, रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्च ।<br><br>(६) बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरुका लागि Child Day Care Centre को व्यवस्था गर्दा लाग्ने खर्च ।<br><br>(७) व्यवसायिक रुपमा स्थापना भएका बाहेकका अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान तथा गरिएका खर्च । | |

| | | | |
|---|---|---|---|
| | | (८) खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० (एक सय) सम्मको खर्च रकम ।<br><br>(९) वैदेशिक रोजगारीमा जाने नेपालीको विप्रेषण (रेमिटयान्स) बचत खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु.१०० (अक्षरेपी एक सय मात्र) सम्मको खर्च रकम ।<br><br>(१०) उक्त कोषबाट हुने खर्चको बढीमा ५ प्रतिशतसम्म विद्युतीय कारोबार प्रवर्द्धनका लागि गरिने खर्च ।<br><br>(ख) संस्थाको ब्राण्ड प्रवर्द्धन हुने गरी गरिने खर्च यस कोषबाट व्यहोर्न पाइने छैन । तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा संस्थाको नाम सौजन्यको रुपमा उल्लेख गर्न भने बाधा पुगेको मानिने छैन ।<br><br>(ग) बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका भौगोलिक क्षेत्रमा जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्यलाई प्राथमिकतामा राखी न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br><br>(घ) सञ्चालक समितिका सदस्यहरुलाई व्यक्तिगत तथा राजनैतिक लाभ हुने गरी खर्च गर्न पाइने छैन । | |

| | | | |
|---|---|---|---|
| | | (ङ) सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वका लागि यस व्यवस्था अनुसार पहिचान हुने क्षेत्रहरु, सो क्षेत्रमा खर्चका लागि प्राप्त हुने प्रस्ताव मूल्याङ्कन गर्ने प्रक्रिया, कोषको सञ्चालन तथा व्यवस्थापन प्रक्रिया लगायतका बिषयहरु समेटी छुट्टै कार्यविधि बनाई लागू गर्नु पर्नेछ ।<br>(च) बैंक तथा वित्तीय संस्थाले यस्तो कोषको व्यवस्था तथा सोबाट भएको खर्चको क्षेत्रगत तथा प्रदेशगत विवरण आफ्नो वार्षिक वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत खुलाउनु पर्नेछ ।<br>(छ) वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकमलाई वित्तीय साक्षरता प्रवर्द्धन गर्ने लगायतका क्रियाकलापलाई प्रोत्साहित गर्न प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ। यसरी गरिएको खर्चको विस्तृत संस्थागत विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।<br>तर २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल तथा स्वास्थ्य चौकीको पुनरनिर्माणका लागि बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को मुनाफाबाट सामाजिक उत्तरदायित्व कोषमा छुट्याई खर्च गर्नुपर्ने रकमको वार्षिक ४० प्रतिशतसम्म खर्च गर्न माथि उल्लिखित व्यवस्थाले बाधा पुगेको मानिने छैन । | |

# बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१

नेपाल राष्ट्र बैंक

# बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१

## १. पृष्ठभूमि

बैंक तथा वित्तीय संस्थाले सम्पूर्ण सरोकारवालाको हित संरक्षण मार्फत् मुलुक र समाजप्रतिको दायित्व निर्वाह गर्दै दिगो विकासमा महत्वपूर्ण भूमिका खेल्नु पर्दछ। वित्तीय क्षेत्रप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, वित्तीय स्थायित्व कायम गर्न र संस्थाहरु अविच्छिन्न रुपमा दीर्घकालसम्म सञ्चालन गर्नका लागि बैंक तथा वित्तीय संस्थाले मानवीय, सामाजिक र बाह्य वातावरणको संरक्षणमा समेत योगदान पुऱ्याउन आवश्यक छ । सामाजिक तथा बाह्य वातावरणलाई अझ स्वच्छ, समावेशी, दिगो बनाई भावी पुस्ताको लागि समेत बस्न योग्य तुल्याउने कर्तव्य बैंक तथा वित्तीय संस्थाको समेत हुन्छ । तसर्थ बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्ने खर्च पारदर्शी, प्रभावकारी र उद्देश्यमूलक बनाउन र मुलुकको वृहत्तर हितमा त्यसको प्रयोग सुनिश्चित गर्ने अभिप्रायले यो मार्गदर्शन जारी गरिएको छ ।

## २. उद्देश्य

यस मार्गदर्शनको मुख्य उद्देश्य बैंक तथा वित्तीय संस्था मार्फत् वातावरण संरक्षण, सामाजिक विकास, वित्तीय साक्षरता प्रवर्द्धन, वित्तीय समावेशीकरण, विद्युतीय भुक्तानीको प्रवर्द्धन साथै शिक्षा एवम् स्वास्थ्य सेवाको सुदृढीकरणमा योगदान पुऱ्याउने रहेको छ। यस मार्गदर्शनको कार्यान्वयनबाट बैंक तथा वित्तीय संस्थाले गर्दै आएका सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च निष्पक्ष र पारदर्शी रुपमा मुलुकभर न्यायोचित ढंगले वितरण हुने, सामाजिक हित प्रवर्द्धन हुने र बहुउपयोगी कार्यमा स्रोतको प्रभावकारी प्रयोग हुने विश्वास लिइएको छ ।

## ३. संस्थागत सामाजिक उत्तरदायित्व कोषको व्यवस्था

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था (यसपछि इजाजतपत्रप्राप्त संस्था भनिएको) ले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यका लागि हरेक आर्थिक वर्षको खुद मुनाफाको नेपाल राष्ट्र बैंकले तोकेको प्रतिशतले हुन आउने रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले निर्णय गरी नेपाल राष्ट्र बैंकबाट तोकिएको प्रतिशतभन्दा बढी रकम उक्त कोषमा जम्मा गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यमा खर्च गर्न सक्नेछ ।

## ४. कोषको रकम खर्च गर्नुपर्ने अवधि

इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण स्वीकृत भएसँगै मुनाफाबाट कोषमा जम्मा भएको रकमको कम्तीमा ६० प्रतिशत रकम सोही आर्थिक वर्षभित्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ५. कार्यविधि सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी विविध कार्य गर्ने र कोष सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि बनाई लागु गर्नुपर्नेछ । उक्त कार्यविधिमा कम्तीमा निम्न विषयहरु समावेश गनुपर्नेछ :

५.१. कोषको रकम खर्च गर्ने अख्तियारी

५.२. कार्यक्रम छनौट तथा प्रस्ताव मूल्यांकन गर्ने आधार

५.३. कार्यक्रमको विविधीकरणका आधार

५.४. भौगोलिक रुपमा कार्यक्रमको वितरणको आधार

५.५. आपसी स्वार्थ रहित कार्यक्रम छनौट हुने आधार

## ६. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्न सकिने क्षेत्र :

संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट देहायबमोजिमका क्षेत्रमा खर्च गर्न सकिनेछ :

### ६.१. शिक्षा

६.१.१. सरकारी तथा सामुदायिक विद्यालय तथा कलेजको भौतिक संरचना निर्माण, मर्मत तथा पुनः निर्माण ।

६.१.२. विद्यालय तथा कलेजमा अध्ययनरत गरीब, पिछडिएको वर्ग तथा अपाङ्गता भएका जेहेन्दार विद्यार्थीलाई दिइने छात्रवृत्ति ।

६.१.३. सरकारी तथा सामुदायिक विद्यालय तथा कलेजलाई वितरण गरिने कम्प्युटर, प्रोजेक्टर, इन्टर्याक्टीभ स्मार्ट बोर्ड, ह्वाइट/ब्ल्याक बोर्ड, पुस्तक लगायतका शैक्षिक सामग्री तथा विद्यालयका लागि आवश्यक हुने अन्य फर्निचर, फिक्स्चर लगायतका सामग्री ।

६.१.४. सरकारी तथा सामुदायिक विद्यालय तथा कलेजमा शुद्ध पिउने पानीको व्यवस्था, शौचालय निर्माण वा सुधार, स्यानिटरी प्याड डिस्पेन्सर, स्यानिटाइजर डिस्पेन्सर, मास्क डिस्पेन्सर, प्राथमिक उपचार लगायतका स्वास्थ्य तथा सरसफाईसम्बन्धी आधारभूत सामग्री ।

६.२. **स्वास्थ्य**

६.२.१. सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुलाई वितरण गरिने स्वास्थ्य उपकरण तथा सामाग्री ।

६.२.२. सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुमा शुद्ध पिउने पानीको व्यवस्था, शौचालय निर्माण वा सुधार, स्यानिटरी प्याड डिस्पेन्सर, स्यानिटाइजर डिस्पेन्सर, मास्क डिस्पेन्सर लगायतका आधारभूत स्वास्थ्य तथा सरसफाई सामग्री ।

६.२.३. न्यून आय भएका नागरिकको जटिल स्वास्थ्य समस्याको उपचारका लागि कुनै अस्पतालसँग गरिने सहकार्य ।

६.२.४. निम्न वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक हुने बैशाखी, ह्वील चियर, मेडिकल बेड, hearing aid, जस्ता जीवनोपयोगी सामग्री ।

६.२.५. निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सञ्चालन ।

६.२.६. विभिन्न महामारी तथा प्राकृतिक प्रकोपका समयमा आउन सक्ने चुनौतीको सामना गर्न जनस्वास्थ्यका पूर्वाधार निर्माण ।

६.२.७. अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, जीवन रक्षक भ्याक्सिन, औषधी आदिको सहज आपूर्तिको लागि प्रत्यक्ष रुपमा गरेको खर्च ।

६.२.८. स्वास्थसँग सम्बन्धित सरकारी तथा सामुदयिक अस्पतालको पूर्वाधार निर्माण तथा सुधारका लागि गरिने खर्च ।

६.२.९. वित्तीय क्षेत्रका कर्मचारी, कर्मचारीका परिवार एवं सर्वसाधारणलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल सञ्चालन । तर, इजाजतपत्रप्राप्त संस्थाले आफ्नो सेवा प्रवर्धनका लागि गरेको कुनै अस्पातसँगको सम्झौताको आधारमा गरिने खर्चलाई भने यस अन्तर्गत समावेश गर्न पाइने छैन ।

## ६.३. मानवीय सहयोग तथा राहत

६.३.१. भूकम्प, बाढी, पहिरो, आँधीहुरी, आगलागी लगायतका प्राकृतिक विपत्तिका पीडितलाई वितरण गरिने लत्ता कपडा, खाद्यान्न, औषधी, टेन्ट, भाँडा लगायतका बन्दोबस्तीका सामग्री ।

६.३.२. व्यावसायिक रुपमा स्थापना भएका बाहेकका सम्बन्धित सरकारी निकायबाट स्वीकृति/मान्यता प्राप्त वृद्धाश्रम, बालगृह, मानव बेचविखनमा परेकालाई उद्धार गरी संरक्षण गर्ने संस्था लगायतका सामाजिक संस्थालाई गरिने सहयोग ।

६.३.३. कुपोषण भएका बालबालिका, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउँदा हुने खर्च ।

## ६.४. वातावरण

६.४.१. सम्बन्धित निकायबाट आवश्यक स्वीकृति लिई शहरी वन विकास तथा सार्वजनिक स्थानमा गरिने वृक्षारोपण ।

६.४.२. सम्बन्धित निकायबाट आवश्यक स्वीकृति लिई सार्वजनिक स्थलमा राखिने वातावरण सम्बन्धी जानकारी दिने सूचनामूलक सामग्री ।

६.४.३. वातावरण संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धिको लागि चेतनामूलक सामग्री निर्माण तथा प्रसारण ।

६.४.४. सार्वजनिक स्थलमा फोहोरमैला संकलनका लागि राखिने फोहरदानी ।

६.४.५. लोपोन्मुख वन्यजन्तु संरक्षणसँग सम्बन्धित कार्य ।

६.४.६. प्रदुषण न्यूनीकरण तथा नियन्त्रण गर्न गरिने वातावरणीय परियोजना ।

६.४.७. वातावरणीय प्रभाव न्यूनीकरणका लागि ग्रामीण क्षेत्रमा गरिने पूर्वाधार निर्माण ।

६.४.८. प्रदुषित नदी नालाको पानी प्रशोधनका लागि निर्माण गरिने पूर्वाधार ।

६.४.९. हिमालमा जम्मा भएका फोहर व्यवस्थापनका लागि गरिने कार्य ।

## ६.५. वित्तीय साक्षरता

६.५.१. वित्तीय सचेतनामूलक श्रव्य दृश्य सामग्री निर्माण तथा प्रसारण खर्च ।

६.५.२. वित्तीय साक्षरता अभिवृद्धिका लागि ज्ञानवर्धक सामग्रीको निर्माण तथा वितरण ।

६.५.३. वित्तीय साक्षरताको लागि प्रदेश तथा स्थानीय निकायसँग गरिने सहकार्य ।

६.५.४. वित्तीय साक्षरताको लागि स्कुल कलेजसँग गरिने सहकार्य ।

६.५.५. बैंकिंग क्षेत्रसँग अभ्यस्त नभएका लक्षित समुदायमा वित्तीय साक्षरता अभिवृद्धिका लागि गरिने कार्य ।

६.५.६. डिजिटल वित्तीय कारोबार सम्बन्धी सचेतना अभिबृद्धिका लागि गरिने तालिम कार्यक्रम ।

६.५.७. नगदरहित कारोबार, प्रविधिको प्रयोग एवम् बिद्युतीय कारोबार सम्बन्धमा जनचेतना अभिवृद्धिमा गरिने प्रवर्धनात्मक खर्च ।

६.५.८. नेपाल राष्ट्र बैंकले जारी गरेको Financial Literacy Framework अनुसारका लक्षित वर्गका लागि प्रदान गरिने दुई दिन वा सो भन्दा लामो अवधिको तालिम कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च ।

६.६. **दिगो विकास लक्ष्य**

६.६.१. दिगो विकास लक्ष्य २०१६-२०३० ले पहिचान गरेका क्षेत्रहरुमा तोकिएका लक्ष्यहरुको प्राप्तिमा सहयोग हुने गरी गरिने खर्च ।

६.७. **अन्य**

६.७.१. ट्राफिक व्यवस्थापन तथा यात्रु प्रतिक्षालय, सडकबत्ती, सार्वजनिक शौचालय लगायतको निर्माण, पुनः निर्माण तथा संरक्षणमा गरिने खर्च ।

६.७.२. “खोलौं बैंक खाता अभियान” अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० (एक सय) सम्मको खर्च रकम ।

६.७.३. राष्ट्रिय महत्वको आविष्कार केन्द्रलाई प्रदान गरिने रकम ।

६.७.४. खेलकुद क्षेत्रको विकासका लागि आवश्यक खेलकुद सम्बन्धी पूर्वाधारमा गरेको लगानी ।

६.७.५. यस बैंकले समय समयमा तोकिदिएको अन्य क्षेत्रहरुमा गरिएको खर्च ।

## ७. प्रदेशगत खर्च

७.१. इजाजतपत्रप्राप्त संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफनो कार्यक्षेत्र् भित्रका भौगोलिक क्षेत्रमा जीवन रक्षा, सार्वजनिक हित तथा परोपकार कार्यलाई प्राथमिकतामा राखी न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

७.२. वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्टाएको रकमलाई प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ ।

## ८. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नपर्ने कार्य

इजाजतपत्रप्राप्त संस्थाले गरेका देहायबमोजिम खर्चहरुलाई संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गतको खर्चमा समावेश गर्न पाइने छैन :

८.१. संस्थाको ब्राण्ड प्रवर्धन तथा बजार विस्तार गर्ने उद्देश्यले गरिएका बजारीकरण अभियान, विभिन्न कार्यक्रमहरुको प्रायोजन, राजनैतिक दलका कार्यक्रमलाई गरिएको सहयोग, नाफामूलक कार्य, शुल्क लिई गरिएका कार्यक्रम, र्‍याली तथा विज्ञापन जस्ता कार्यहरुमा गरिएको खर्च ।

८.२. संस्थापक शेयरधनी, संचालक समितिका सदस्य तथा उच्च व्यवस्थापन तहका पदाधिकारी सम्बद्ध संस्थामा गरिएका खर्च ।

८.३. ब्यापार विस्तारको शर्त राखी गरिएका खर्च ।

## ९. विविध व्यवस्था

९.१. संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्दा सरकारी, सामुदायिक तथा अन्य गैर नाफामूलक संस्थाहरुको लागि मात्र गर्नु पर्नेछ ।

९.२. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्नका लागि परियोजना वा कार्यक्रम छनौट गर्दा त्यसबाट समुदायस्तरमा पर्ने प्रभाव र मुलुकको आवश्यकताको विश्लेषण गर्नु पर्दछ ।

९.३. संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम गर्दा कुनै पनि व्यावसायिक वा व्यक्तिगत स्वार्थ बाझिने गरी कुनै विशेष भौगोलिक क्षेत्र तथा विषयमा अधिकेन्द्रित नभई जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्य, समाजको आवश्यकतालाई प्राथमिकतामा राखी न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

९.४. कुनै एउटा कार्यक्रममा त्यस आर्थिक वर्षको कुल खर्च योग्य संस्थागत सामाजिक उत्तरदायित्व रकमको ५ प्रतिशतभन्दा बढी खर्च गर्न पाइने छैन । तर, यस बैंकबाट इजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्थाहरुले आपसी सहमतिमा कुनै विशेष सार्वजनिक महत्वको कार्य गर्ने भएमा यस बैंकको पूर्व स्वीकृतिमा त्यस्ता कार्य सञ्चालन गर्न सकिनेछ ।

९.५. कोषको रकम कुनै किसिमको नगद, दान, दातब्य, पुरस्कार आदि वितरण गरी खर्च लेखांकन गर्न पाइने छैन ।

९.६. कोषमा रहेको रकम अन्य कुनै कोष वा शीर्षकमा रकमान्तर गर्न वा पूँजीकोषमा गणना गर्न पाइने छैन ।

९.७. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भए गरेका कार्यक्रमको लक्षित वर्गमा भएको वास्तविक खर्च तथा उक्त खर्च गर्दा भएको प्रशासनिक खर्चबीच तादात्म्यता मिलेको, स्वाभाविक तथा खर्च अनुपात सुहाउँदो हुनु पर्नेछ ।

९.८. संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम, सोको खर्च, कार्यक्रमको छनौट, संस्थाले अवलम्बन गरेको निर्णय प्रकृया, कार्यक्रमको प्रभावकारिता आदि सम्बन्धमा वार्षिक रुपमा आन्तरिक लेखापरीक्षण गरी छुटट्टै प्रतिवेदन तयार गरी लेखापरीक्षण समिति मार्फत सञ्चालक समितिमा पेश गर्नु पर्दछ ।

९.९. संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम यस मार्गदर्शनले तोकेको अवधिभित्र खर्च गरिसक्नु पर्नेछ ।

९.१०. इजाजतपत्रप्राप्त संस्थाले सहयोग गरेका सम्बन्धित संस्थाले प्राप्त गरेको रकम वा सहयोगबाट जीवन रक्षा, सार्वजनिक हित वा परोपकारी कार्यमा प्रभाव परेको र सोही उद्देश्यमा खर्च भएको प्रमाणित विवरण इजाजतपत्रप्राप्त संस्थाले प्राप्त गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

९.११. संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत भएको खर्चको क्षेत्रगत तथा प्रदेशगत विवरणका साथै उक्त खर्चको सामाजिक क्षेत्रमा परेको प्रभाव समेत विश्लेषण गरी आफ्नो वेबसाइटमार्फत वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

९.१२. इजाजतपत्रप्राप्त संस्थाबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भए गरेका कार्यहरुको विवरण अनुसूची १ बमोजिमको ढाँचामा त्रैमासिकरुपमा आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

***

नेपाल राष्ट्र बैंक
असतोमा सद्गमय।
काठमाडौं नेपाल

अनुसूची १

......................... बैंक लि.
आ. व . ................ को (.............. त्रैमासिक विवरण)

(क) कोषको विवरण

| क्र.सं. | विवरण | रकम (रु हजारमा) |
|---|---|---|
| १. | संस्थागत सामाजिक उत्तरदायित्व कोषमा अघिल्लो आर्थिक बर्षसम्म बक्यौता रकम | |
| २. | संस्थागत सामाजिक उत्तरदायित्व कोषमा पछिल्लो आर्थिक बर्षको मुनाफाबाट थप भएको रकम | |
| ३. | कुल खर्चयोग्य रकम | |
| ४. | यस त्रयमासको खर्च | |
| ५. | यस त्रयमास सम्मको खर्च | |
| ६. | कुल बाँकी खर्चयोग्य रकम | |

(ख) क्षेत्रगत विवरण

(रु हजारमा)

| क्र.सं. | विवरण | अघिल्लो त्रयमास सम्मको खर्च | यस त्रयमासको खर्च | कुल खर्च |
|---|---|---|---|---|
| १. | शिक्षा | | | |
| २. | स्वास्थ्य | | | |
| ३. | मानवीय सहयोग तथा राहत | | | |
| ४. | वातावरण | | | |
| ५. | वित्तीय साक्षरता | | | |
| ६. | दिगो विकास लक्ष्य | | | |
| ७. | अन्य | | | |
| | कुल खर्च | | | |

(ग) प्रदेशगत विवरण

(रु हजारमा)

| क्र.सं. | विवरण | अघिल्लो त्रयमास सम्मको खर्च | यस त्रयमासको खर्च | कुल खर्च |
|---|---|---|---|---|
| १. | कोशी | | | |
| २. | मधेश | | | |
| ३. | वागमती | | | |
| ४. | गण्डकी | | | |
| ५. | लुम्बिनी | | | |
| ६. | कर्णाली | | | |
| ७. | सुदुरपश्चिम | | | |
| | कुल खर्च | | | |

(ग) यस त्रयमासमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका कार्यहरुकोसूची

| क्र.सं. | कार्यको विवरण | मिति | प्रदेश | स्थानीय तह | ~~क्षेत्र~~ | रकम (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| १. | शिक्षा | | | | | |
| | …………… | | | | | |
| | …………… | | | | | |
| २. | स्वास्थ्य | | | | | |
| | …………… | | | | | |
| | …………… | | | | | |
| ३. | मानवीय सहयोग तथा राहत | | | | | |
| | ……………. | | | | | |
| | ……………. | | | | | |
| ४. | वातावरण | | | | | |
| | ……………. | | | | | |
| | ……………. | | | | | |
| ५. | वित्तीय साक्षरता | | | | | |
| | ……………. | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | दिगो विकास लक्ष्य | | | | | |
| | ................ | | | | | |
| | ................ | | | | | |
| ७. | अन्य | | | | | |
| | ................ | | | | | |
| | ................ | | | | | |